नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा

# प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका लागि यस जिल्लाभित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा आज सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम खनालज्यूको अध्यक्षतामा बसेको **District Covid-19 Crisis Management Center (DCCMC)** को बैठकले निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको छ।

निर्णयहरु:-

१. तालुक निकायको निर्देशनको अधिनमा रहेर जिल्ला स्थित सरकारी, गैर सरकारी बैंक तथा वित्तिय संस्था एवं सहकारी संस्थाहरुले आफ्नो कार्यालयमा हुने सेवाग्राहीहरुको भिडभाडलाई मध्यनजर गरी न्यूनतम संख्यामा कर्मचारीहरु राखी स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्णरुपमा पालना गराई सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

२. स्थानीय तहबाट संचालनमा ल्याइएका संस्थागत आईसोलेसन अथवा अस्थायी अस्पताललाई महिला तथा अपाङ्गता मैत्री हुने गरी एवं महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट स्वीकृत कोरोना भाइरस (कोभिड-१९) महामारीको अवधिमा आश्रयस्थल संचालन सम्बन्धी मापदण्ड, २०७७ अनुसार व्यवस्था गर्नका लागि स्थानीय तहहरुमा पत्राचार गरिदिनका लागि राष्ट्रिय महिला आयोगबाट गृह मन्त्रालयमा अनुरोध भई मन्त्रालयको च.नं. ३१३९ मिति २०७८/०१/१९ को पत्रबाट आवश्यक कार्यार्थ लेखिआएकोले माथि उल्लिखित बमोजिमको आईसोलेसन तथा अस्पतालको व्यवस्था गरी संचालनमा ल्याउन सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

३. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तपसिल बमोजिमका सामाग्रीहरुको ढुवानीमा सहजीकरण गरिदिन अनुरोध भई गृह मन्त्रालयको च.नं. ३१३७ मिति २०७८/०१/१९ को पत्रबाट लेखिआएकोमा ढुवानीको लागि पास जारी नगरिने तर आवश्यक सहजीकरणको व्यवस्था गरिदिन जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

क) समग्र कृषि उपज, कृषि मेशिनरी, रासायनिक मल (युरिया, डीएपी, पोटास) र बीउबिजन ।

ख) समग्र पशुपन्छी (पशु, चल्ला, कुखुरा), पशुजन्य पदार्थ (दुध, मासु, अण्डा) तथा पशु उत्पादन सामाग्री (पशुपन्छीका दाना, दाना उत्पादनमा प्रयोग हुने मकै, भटमास लगायतका उत्पादन सामाग्रीहरु) ।

ग) भेटेरिनरी औषधि, भ्याक्सिन लगायतका सामाग्रीहरु ।

०७८/१/२०
स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा

।।२।।

४. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. १७८ मिति २०७८/०१/१५ को पत्रानुसार जारी गरिएको निषेधाज्ञाका अवधिमा तपसिलका भेटेरिनरी सेवाहरुलाई स्वास्थ्य सम्बन्धी जारी गरिएको मापदण्ड पालना गर्ने गरी उक्त सेवाहरु संचालनको लागि पास जारी नगरिने तर आवश्यक सहजीकरणको व्यवस्था गरिदिन जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

क) भेटेरिनरी अस्पताल, क्लिनिक, प्रयोगशाला, पशु चिकित्सा सेवा संचालन ।

ख) पशुपन्छी तथा मत्स्य फार्म संचालन ।

ग) पशु तथा पशुपन्छीजन्य उद्योग सम्बन्धित कार्यहरु ।

घ) पशुपन्छीको ओसार पसारमा प्रयोग गरिने ढुवानीका साधनहरु ।

ङ) दुध तथा दुग्ध पदार्थ, अण्डा, मासु, तथा मासुजन्य पदार्थको ढुवानी बिक्री वितरण ।

च) दाना तथा दानाको कच्चा पदार्थ, चल्ला क्रेट घाँस, पराल, फिडसप्लिमेन्ट, भेटेरिनरी औषधि तथा खोप, सिमेन, तरल नाइट्रोजनको ओसार पसार तथा विक्री वितरण ।

५. मिति २०७७/०१/१५ र १७ गते बसेको DCCMC को बैठकबाट हरेक स्थानीय तहहरुले आ-आफ्नो पालिकाका नाकाहरुमा सहायता कक्ष स्थापना गर्ने, संस्थागत आइसोलेशन/अस्थायी अस्पताल निर्माण गर्ने सो कार्यका लागि स्वास्थ्य कार्यालय र जिल्ला प्रहरी कार्यालयले आवश्यक समन्वय गर्ने भन्ने निर्णय भएकोमा हालसम्म कुन-कुन पालिकामा संस्थागत आइसोलेशन/अस्थायी अस्पताल निर्माण एवं नाकाहरुमा सहायता कक्ष स्थापना भएको छ सो को स्थलगत अनुगमन गरी प्रतिवेदन गर्न स्वास्थ्य कार्यालय, सिन्धुपाल्चोक संयोजक रहने गरी जिल्ला रेडक्रस सोसाइटी , जिल्ला प्रशासन कार्यालयका खरिदार रामबाबु महतो रहेको अनुगमन समिति गठन गर्ने ।

६. वलेफी गाउँपालिकाले कोभिड शव व्यवस्थापनको निम्ती उपलव्ध गराएको गोरख बक्स गणमा रहेको शव बाहनलाई प्रयोजनमा ल्याउने उद्देश्य अनुरुप उक्त शव बाहनको मर्मत संभार तथा इन्धन लगायतको खर्च व्यवस्थापनको लागि जिल्ला स्थित सबै स्थानीय तहले समानुपातिक रुपमा खर्च व्यहोर्न पालिका समक्ष प्रस्ताव गर्ने ।

मिति:२०७८/०१/२०

(बाबुराम खनाल)
स.प्र.जिल्ला अधिकारी